NJ: NUTA

# "मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो" कथाको सबाल्टर्न विश्लेषण

**नरेन्द्र प्रसाद कोइराला**
सहायक प्राध्यापक, ज.ब.क्याम्पस, काठमाडौं
Email for correspondence: koiralanp@gmail.com

## विषय सार

*प्रस्तुत लेखमा कथाकार मनु ब्राजाकीद्वारा लिखित मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो कथालाई सबाल्टर्न सिद्धान्तका कोणबाट विश्लेषण गरिएको छ । सदियौँदेखि इतिहास विहीन भएका वा बनाइएका समाजका किनारामा रहेका आवाज विहीन तथा अधिकार विहीन समूदाय नै सबाल्टर्न वर्ग हुन् । सबाल्टर्न एउटा बृहत् सिद्धान्त हो । यसभित्र सबै प्रकारका विभेदहरूका कारण किनारीकृत हुन पुगेका सबै शोषित पीडितहरू अटाउन सक्ने भए पनि यस लेखमा प्रस्तुत कथामा सबाल्टर्न वर्गको वर्गीय, लैङ्गिक र जातीय अवस्था पहिचान गरी समाजमा (कथामा) उनीहरूको स्थान, उनीहरूमाथिको प्रभुत्व र उनीहरूको प्रतिरोधको अवस्थाको विश्लेषण गरिएको छ । यस कथामा वर्गीय दृष्टिले निम्न वर्ग, जातीय दृष्टिले निम्न जात (अछुत) र लैङ्गिक दृष्टिले नारी सबाल्टर्न पात्रका रूपमा देखिएका छन् भने उनीहरूको प्रतिनिधित्व समाजसापेक्ष छ, उच्च वर्गीय प्रभुत्वको चक्रमा पिसिएकै कारण उनीहरू सबाल्टर्न हुन पुगेका भए पनि उनीहरूमा प्रतिरोध चेतना न्यून रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्दावलीहरू :** कथा संग्रह, कथा विश्लेषण, लैङ्गीक र जातीय पहिचान, सांस्कृतिक प्रभुत्व र सवाल्टर्न सिद्धान्त ।

## विषय परिचय

कथाकार मनु ब्राजाकी (वि.सं.१९९९) वि.सं.२०१९ सालमा **भर्‍याङ** शीर्षकको कथा प्रकाशन गरेर आधुनिक नेपाली कथाको क्षेत्रमा उदाएका स्रष्टा हुन् । उनका हालसम्म **अवमूल्यन** (२०३८), **आकाशको फल** (२०४२), **तिम्री स्वास्नी र म** (२०४६), **भविष्य यात्रा** (२०५२) र **पारदर्शी मान्छे** (२०६०) गरी जम्मा पाँचवटा कथासंग्रहहरू प्रकाशित भएका छन् भने **आमालाई बेच्नु हुन्न लाटा !** शीर्षकको कथासंग्रह नेपाल एकेडेमीमा प्रकाशोन्मुख अवस्थामा रहेको छ । **मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो** कथा **तिम्री स्वास्नी र म** कथासंग्रहमा संकलित छ ।

मनु ब्राजाकी जीवन र जगत्का बारेमा सूक्ष्म ढङ्गले प्रकाश पार्ने नवयुगीन कथाकार हुन् । त्यस कारण उनका कथाको मुख्य विषय नेपाली समाजको विसङ्गत अवस्थाको अभिव्यक्ति नै हो । ब्राजाकीका कथामा समाजका विभिन्न वर्ग र तिनका बिचको अन्तर्द्वन्द्व तथा शोषण, दमन, घात, प्रतिघात आदि विषयलाई सरल र प्रभावकारी रूपमा प्रस्तुत गरिएको पाइन्छ । गाउँ र सहरका निम्न वर्गीय मानिसका व्यथा, पीडा,

सहरिया जीवनका अमानवीय वृत्ति, आडम्बर, आर्थिक भ्रष्टाचार, राजनीतिक विकृति, जाति र वर्गगत विभेद आदिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनले कथालाई सूत्रात्मक र मर्मस्पर्शी तथा प्रभावोत्तेजक बनाउने क्रममा यथोचित बिम्ब र प्रतीकहरूको पनि प्रयोग गरेका छन् । उनी राष्ट्रिय तथा अन्तराष्ट्रिय विकृति विसङ्गतिलाई नेपाली जनजीवनसँग जोड्ने कार्यमा पनि सफल छन् । प्रकृतवादी दृष्टिबाट निम्न वर्गका चरित्रभित्रको यौनको अभिव्यक्तिलाई पनि प्रस्तुत गरेका छन् । उनी पात्रको मनको सूक्ष्म विश्लेषण गर्ने र सङ्कटग्रस्त वर्तमान मानव जीवनको प्रस्तुति गर्ने कार्यमा पनि अग्रसर छन् ।

आधुनिक नेपाली कथाका अध्येताहरू, शोधकर्ताहरू, समीक्षकहरू आदिका बिचमा कथाकार ब्राजाकीका कथाहरू अध्ययनका विषय बनेका छन् । समीक्षा तथा शोधका सन्दर्भमा ब्राजाकीका कथाको अध्ययन गर्ने कार्य एउटा परम्परा जस्तै भएको छ । उनका कथाहरूको विभिन्न सिद्धान्तका आधारमा अध्ययन, विश्लेषण गरिसकिएको भए पनि सबाल्टर्न सिद्धान्तका आधारमा अध्ययन, विश्लेषण हुन बाँकी नै छन् । सबाल्टर्न सिद्धान्तले समाजमा अनेक ढङ्गले पछि पारिएका वा किनारामा हुत्याइएकाहरूका विषयमा विभिन्न कोणबाट अध्ययन, विश्लेषण गर्ने सिद्धान्त हो । यस सिद्धान्त अनुसार पहिला सबाल्टर्न वर्गको पहिचान गरिन्छ र त्यसपछि कृतिमा उनीहरूको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अवस्थाको विश्लेषण गरिन्छ । त्यसै गरी समाजमा मूलधारको प्रभुत्वको अवस्था कस्तो छ अनि मूलधार र सबाल्टर्न वर्गका बिचमा के कस्तो सम्बन्ध छ ? ज्ञान र शक्तिको निर्माण कसरी गरिएको छ ? सहमति र सम्झौता कस्तो छ अनि सबाल्टर्न मुक्तिको चेतना कस्तो अवस्थामा छ ? आदि कोणहरूबाट अध्ययन, विश्लेषण गरिन्छ । प्रस्तुत लेखमा यसै आधारमा कथाकार मनु ब्राजाकीको **माऱ्यो च्याङ्बा माऱ्यो असिनामा पाऱ्यो** कथाको अध्ययन, विश्लेषण गरिएको छ । यो यस अध्ययनको विशिष्ट पहिचान र सीमा पनि हो ।

## कथा विश्लेषणको सैद्धान्तिक पर्याधारः सबाल्टर्न सिद्धान्त

मानव समाज परापूर्व कालदेखि नै शक्तिशाली र कमजोर गरी दुई वर्गमा विभाजित भई तिनै दुई वर्गका बिचको प्रत्यक्ष /पारोक्ष सङ्घर्षबाट विकसित हुँदै आजको सभ्यतामा आइपुगेको छ । सभ्यताको यस यात्रामा अनेकन क्रान्ति र विद्रोहहरू भएका छन् । त्यसै गरी यस क्रममा अनेकन दर्शन, नीति, सिद्धान्तहरू बने, राज्य र सरकारहरू बन्ने र भत्किने कार्यहरू पनि भए । संसारभरि नै सम्पन्न क्रान्तिले समाजका अनेक प्रकारका विभेदहरूको अन्त्य गऱ्यो तर पनि संसारभरि नै मानिस केन्द्र र किनारामा विभक्त भयो । केन्द्र सधैं शक्ति र सत्तामा सह्यो र उसले आफ्ना अनुकुल नीति, नियम, धर्म, आस्था, मूल्य, कानुन आदिको निर्माण गऱ्यो । यिनै चिजहरूका बलमा केन्द्र अभिजात वर्ग बन्यो र उसले सधैं किनारमा रहेकाहरूमाथि विभेदको चक्र चलाइ रह्यो । त्यसैको परिणाम स्वरूप आर्थिक, सामाजिक, भाषिक, राजनीतिक, जातिगत, लैङ्गिक, भौगोलिक अनेक ढङ्गले एउटा ठूलो वर्ग सधैं पछि पऱ्यो वा पारियो । यसरी पछि परेको वा पारिएको शक्तिहीन, स्थानहीन, इतिहासहीन, अधिकारहीन वर्ग नै समग्रमा सबाल्टर्न वर्ग हो र तिनकै बारेमा गरिने अध्ययन नै सबाल्टर्न अध्ययन हो ।

" अंग्रेजी शब्द सबाल्टर्नले सदियौँदेखि शासित, आवाज विहीन तथा इतिहास विहीन वर्गलाई जनाउँदछ (श्रेष्ठ २०६८: १)।" सबाल्टर्न वर्गले समाजको महत्वपूर्ण स्थान र उत्पादनको उच्च प्रकारको जिम्मेवारी वहन गर्दै आएको भए पनि सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, लैङ्गिक आदि दृष्टिले उपेक्षित छ । त्यसै कारण यो वर्ग स्वयम्ले र बौद्धिक क्षेत्रका लेखक, सर्जकहरूले सबाल्टर्न अध्ययनलाई अघि बढाएका छन् ।

"युगौंदेखि इतिहासका पानाबाट बाहिर फ्याँकिएको सबाल्टर्न वर्गको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन १९८२ देखि दक्षिण एसियामा सबाल्टर्न अभियानको रूपमा सञ्चालनमा आएको हो (श्रेष्ठ २०६८: २)।" सबाल्टर्न वर्ग समाजको सबैभन्दा तल रहेको हुन्छ तर उत्पादनको क्षेत्रमा महत्वपूर्ण भूमिका भए पनि उपभोगका अवस्थामा भने उसको महत्व किनारामा पुगि सकेको हुन्छ । यसरी इतिहासका सबै कालखण्डमा एउटा केद्रले अनेकन ढङ्गले निर्माण गरेको किनाराको वर्ग नै संसारभर सबाल्टर्न वर्गका नामले परिचित छ । "सबाल्टर्नको अध्ययन गर्नेले विशिष्ठ, उपेक्षित इतिहासका खण्डहरूलाई अध्ययन गर्नु पर्छ भन्ने मानेकाले इटलीका मार्क्सेली स्वतन्त्र चिन्तक आन्तोनियो ग्राम्चीबाट सबाल्टर्न शब्द लिइयो (सुवेदी २०६८: XIX)।" यसरी ग्राम्चीबाट लिइएको सबाल्टर्न शब्दलाई निम्न, उपेक्षित र किनारीकृत वर्गको सम्बोधक शब्दका रूपमा लिने प्रचलन छ । "मानिसहरू गरिब र सर्वहारा अनि समाजका पिछडिएका र सीमान्तीकृत मानिसहरूको पर्यायका रूपमा लिन्छन् सबाल्टर्न अध्ययनलाई (सुवेदी २०६८: xix) ।" यसरी दलित, जनजाति, आर्थिक, लैङ्गिक, सामाजिक, सांस्कृतिक रूपमा उपेक्षित वा किनारीकृत सबैको पर्यायका रूपमा सबाल्टर्न अध्ययन स्थापित हुँदै आएको छ ।

केन्द्रले सम्पूर्ण कुरालाई आफ्नो अधीनमा राखी सधैं आफ्ना हितमा मात्र प्रयोग गर्ने हुनाले सबाल्टर्न वर्ग सधैं उपेक्षित र तिरस्कृत अवस्थामा रहन बाध्य हुन्छ । "सत्ता, शक्ति, बर्चस्व, आधिपत्य मुठ्याएर केन्द्रले किनारालाई कहिल्यै आफू समान हुन दिँदैन, परपरै पन्छाएर त्योमाथि अह्रर खटन र आफ्नै योजना मात्रै कार्यान्वित गरि रहन्छ (सुब्बा सन २०११: ३)।" यसरी मानव इतिहासमै एउटा वर्ग सधैं अरुकै नियन्त्रण, निर्देशनमा बाँच्न विवश छ ।

सबाल्टर्न वर्ग भनेको आर्थिक वर्ग मात्र होइन । जीवनका अनेक कोणहरूबाट यस वर्गको पहिचान गर्न सकिन्छ । "पुरुषहरूले परिवार अनि समाजमा आफैलाई प्रमुखता प्रदान गरेपछि नै लैङ्गिक किनारीकरण प्रारम्भ भएको हो (सुब्बा सन २०११: १२)।" एउटै घर परिवारको सदस्य, छोरी, आमा, श्रीमती आदि भएर पनि नारी सदियौंदेखि सबाल्टर्न बनाइएका छन् । "प्रत्यक्ष र आक्रामक लिङ्गीय आग्रहका आधारमा पुरुष जातिले आफू क्रियाशील, सामर्थ्यवान, विवेकशील, आँटी र सिर्जनशील हुनुको आफ्नो परिचय विकास्दै, थोप्दै लगेको छ भने स्त्री स्वभावलाई सामान्यतः भीरु, कमजोर(अबला) भावुक, ग्रहणकर्तृ र पारम्परिक चिनाइएको छ (सुब्बा सन २०११:१२) ।" यस ढङ्गले घरभित्रै नारी सबाल्टर्न बनाइएका छन् ।

सबाल्टर्नको अर्को क्षेत्र जाति पनि हो । क्षमतावान् वा बहुसंख्यक जातिका बिचमा अल्पसंख्यक वा कमजोर जातिहरू किनारीकृत बनाइएका छन् । "एक बहुसंख्यक, विकसित, शक्तिसम्पन्न जातिले अर्को अल्पसंख्यक या कमजोर जातिलाई दबाउने, पन्छाउने जातिक शक्ति केन्द्रबाट उब्जिएको छ नश्लीय किनारीकरणका कैयौं कथाहरू (सुब्बा सन २०११: १४)।" यो व्यथाको ज्वाला जातबाट सल्किँदै जातीय परम्परा, संस्कार वा संस्कृतितर्फको मार्गतर्फ अग्रसर छ । त्यसै गरी एउटा शक्ति राष्ट्रले अर्को कमजोर राष्ट्रलाई उपनिवेश वा नवउपनिवेशका रूपमा थिचाइको व्यवहार गर्दा कमजोर देशहरू पनि सबाल्टर्न वर्गमा जोडिन पुग्छन् । सबाल्टर्न द्विचरविरोधमा अर्थिन वा चिनिन पुग्छ । "कुनै पनि कुराको केन्द्रीकरणले द्वैध वैपरित्य (Binary opposition) उब्जाउने गर्छ- सुविधा सम्पन्न/वञ्चित, गर्बित/लुब्ध, नर/नारी, सभ्य /अविकसित, पाश्चात्य /प्रच्य आदि । अघिल्लोले आफ्नो क्षमता जति स्थापित गर्दै जान्छ पछिल्लो उति नै किनारातिर धकेलिँदै जान्छ (सुब्बा सन २०११: २०)।" यसरी अभिजात वर्ग वा केन्द्र वा मूलप्रवाहसँग विपरितधर्मी स्वार्थ भएकै कारण सबाल्टर्न वर्गले सधैं प्रताडना भोगिरहनु परेको छ ।

संसारका सबै क्रान्ति र सबै परिवर्तनमा सबाल्टर्न वर्गकै अहम् भूमिका रहेको छ । उनीहरू नै समाजका हरेक कार्यमा सक्रिय छन् तर सधैं उपेक्षित छन् । साहित्यमा पनि यस वर्गको उपस्थिति र कार्य अपरिहार्य छ । सबाल्टर्न वर्गकै कथा व्यथाको प्रस्तुति र विश्लेषणबाट कलामा कलात्मक साजसज्जाको निर्माण भएको हुन्छ । यसै सम्बन्धमा "साहित्य बहुआयामिक क्षेत्र भएकाले एकतर्फी ढङ्गले सोच्नु पनि हुन्न । साहित्य यस्तो क्षेत्र हो जहाँ मानकहरू निर्माण हुन्छ र त्यसको विनिर्माण पनि हुन्छ । सबाल्टर्न अध्ययनले इतिहास विहीन, आवाज विहीनलाई यसै प्रक्रियाबाट प्रभावकारी स्पेश दिने प्रयत्न गरेको छ (श्रेष्ठ २०६८: ४४)।" यसरी सबाल्टर्न वर्गले कहिल्यै स्थान पनि पाएन अनि उनीहरूको इतिहास पनि निर्माण भएन भन्दै यी दुवै कुरा प्रदान गर्ने हेतुले सबाल्टर्न अध्ययन अघि बढेको छ ।

## मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो कथाको सबाल्टर्न विश्लेषण

कथाकार मनु ब्राजाकीद्वारा लिखित **मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो** कथामा मञ्चित सबै पात्रहरू सबाल्टर्न वर्गका रहेका छन् । त्यस कारण सबाल्टर्न सिद्धान्तले तय गरेका लगभग सबै कोणहरूबाट यस कथालाई विश्लेषण गर्न सकिन्छ । यस लेखमा प्रस्तुत कथालाई सवाल्टर्नहरूको वर्गीय, लैङ्गिक, जातीय, स्थानगत, प्रभुत्व र प्रतिरोधका अवस्थाका कोणहरूबाट विश्लेषण गरिएको छ ।

## सबाल्टर्न वर्गको वर्गीय, लैङ्गिक र जातीय अवस्था

**मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो** कथामा गाउँले बाउ, लाहुरे छोरो र लाहुरेकी स्वास्नी तिनैजना पात्रहरू वर्गीय दृष्टिले सबाल्टर्न पात्र हुन् । सामन्ती उत्पादन सम्बन्ध र त्यसको अन्यायपूर्ण वितरण प्रणालीका कारण उनीहरूको आर्थिक अवस्था ज्यादै दयनीय छ । न त बस्ने घर, न त खाने अन्न, न त रोजगारी अनि न त लाउने व्यवस्था सबै कुराबाट यो वर्ग बञ्चित भएको अवस्थामा जर्जरतापूर्ण जीवन बाँचिरहेका छन् । उनीहरू "घर भन्न नहुने घरमा बसेका छन् (पृ. १) ।" अरुकै भए पनि फाँटमा लहलह झुलेका धानका बाला देखेर लाहुरे छोराको मनमा त्यो धान काटेर ल्याउने रहर जागेको छ । त्यसलाई उसको बाबुले पापी कुरा भन्दा ऊ भन्छ "के को पापी कुरा ? हाम्रै फाँट त हो नि ! खेतबारी ठ्याम्मै नभएपछि जम्मै फाँट हाम्रो (पृ. १) ।" उसको यस कथनले अरुहरूले उनीहरूको भूमि लुटेर उनीहरूलाई भूमिहीन बनाएको हुनाले त्यो फाँट सबै आफ्नै हो भन्ने भाव प्रवाहित गरेको छ । भूमि कसैले जन्मँदै ल्याउने वस्तु पनि होइन र अरु उपभोग्य वस्तुजस्तो भूमि उत्पादन वा निमार्ण गर्न सकिने वस्तु पनि होइन । भूमि भूमिमा जन्मिएका सबै साझा सम्पत्ति नै हो । यस पृथ्वीमा जन्मिएका कुनै पनि प्राणी वनस्पति भूमिहीन हुन सक्दैनन् । त्यस कारण आफू भूमिहीन भएकामा लाहुरे छोराले अस्वीकार गरेको छ । केन्द्रले किनारालाई उठ्न नदिने प्रयासकै शिलशिलामा सबाल्टर्नहरू केन्द्रबाट किनारामा हुत्याइन्छन् र भूमिहीन बनाइन्छन् । यो सामन्तवादको खास प्रकारको पहिचान हो । यही पहिचानका कारण यो वर्ग भूमिहीन तथा किनारीकृत अवस्थामा पुऱ्याइएको छ ।

यस कथाका पात्रहरू चरम आर्थिक विपन्न अवस्थामा जीवन भोगिरहेका छन् । बाउले हे ईश्वर ! " भनेर छानातिर मुन्टो उचाल्दा बूढोले छानाको भ्वाङबाट पैयुँको टुप्पो देख्छ (पृ. १) । " रुखै देखिने गरी भ्वाङ परेको छानो भएको घरमा वास बस्न उनीहरू विवश छन् । त्यस्तै घर भए पनि त्यसमा सधैं बसिरहने अवस्था पनि छैन । पेट पाल्नका लागि आफ्नो घर परिवार छोडेर चिया पकाउने लाहुरमा पुग्नु परेको छ । "छोरो बुट बजाउने होइन चिया पकाउने लाहुर पुगेको थियो (पृ.१) ।" यसरी यो वर्ग आफ्नो घर छोडेर लाहुर जान र लाहुरमा पनि

निम्न स्तरको काम गर्न बाध्य बनेको छ । त्यति हुँदा पनि उनीहरू पेट पाल्न सक्ने अवस्थामा छैनन् । छोरो खानै नपाएर लाहुर भासिन्छ, बाउ खानै नपाएर माग्न हिँड्छ अनि लाहुरेकी स्वास्नीले खानैका लागि अरुको ओच्छ्यान बन्न विवश हुनु पर्ने अवस्थालाई कथाकारले यसरी प्रस्तुत गरेका छन् : "... छोरो थापेकी लाहुरेकी स्वास्नीले भने समाधान भेट्टाएकी छे- बूढो माग्न हिँड्ला, लोग्ने लाहुर जाला अनि ऊ आफू कता जाने ? भोक थाप्न हिँड्दा अरुले कति ओच्छ्याउने हुन् कुन्नि ? यो सम्झेर ऊ आतङ्कित हुन्छे (पृ.२) ।" यस प्रकारको गरिबीले यो सबाल्टर्न वर्गलाई माग्न हिड्दाँ, लाहुर जाँदा र नारीले अरुलाई शरीर सुम्पँदा पनि मुक्ति दिने अवस्था छैन । गाउँले बाउ सामन्ती उत्पादन सम्बन्धमै विश्वास गर्छ भने छोरो त्यसलाई तोड्न चाहन्छ । धान ल्याउन नपाएकोतर्फ सङ्केत गर्दै छोरो भन्छ "हेर बाउ ! तेरो धर्मले मलाई लाहुर लखेट्ने भो फेरि (पृ.२) ।" यसको अर्थ ऊ यसअघि पनि लाहुर गएर आएको हो तर घरमा जीवन बाँच्न सकिने अवस्था छैन । बाउको धर्म परम्परागत उत्पादन सम्बन्ध नै हो, जुन विभेदकारी र सामन्ती चरित्रको छ । यसलाई नेपाली समाजसँग जोडेर हेर्दा यो अझ राम्ररी प्रस्टिन्छ । सदियौँदेखि नेपाली युवाहरू लाहुर जाने अविच्छिन्न परम्परा छ तर पनि सबाल्टर्न वर्गको वर्गीय अवस्थामा खासै परिवर्तन आएको छैन । यस्तो किन हुन्छ ? कसरी कसैको बस्ने घर, टेक्ने धर्ति र खाने गाँस खोसिन्छ ? अरुका भाँडा माझ्दा, लाहुर भासिँदा, माग्न हिड्दाँ र नारीले आफ्नो शरीर अरुलाई सुम्पँदा पनि मानिसको त्यही वर्ग गाँस, बास, कपास र जीवन बाँच्ने आधार गुमाएर पुस्तौँसम्म प्रताडना भोग्न बाध्य हुन्छ ? यो अहम् प्रश्न हो । सबाल्टर्न सिद्धान्तका अनुसार केन्द्रले शक्ति, सत्ता, बर्चस्व र आधिपत्य मुठ्याएर किनारालाई सधैं थिचिरहन्छ । कहिल्यै शीर ठाडो पार्न दिँदैन बरु उल्टै आफ्नै अनुकुल नीति, नियम र मान्यता अनि धर्मजस्ता अङ्कुश निमार्ण गरेर सधैं सबाल्टर्न वर्गमाथि अह्रनखटन मात्र गरी आफू मोटाउँछ । यस कथाको केन्द्र नेपथ्यमै भए पनि गाउँदेखि लाहुरसम्मै अभिजात वर्ग छ । यस वर्गले सबाल्टर्न वर्गलाई जहाँ गए पनि क्रुरतापूर्वक शीरमा टेकेर शासन गरेकै कारण सबाल्टर्नहरू उठ्न नसकेको अवस्था प्रस्ट छ ।

यस कथामा लैङ्गिक रूपमा नारीहरू सबाल्टर्न बनाइएका छन् । कथामा मञ्चित रूपमा लाहुरेकी स्वास्नीको प्रतिनिधित्व छ भने नेपथ्य पात्रका रूपमा लाहुरेकी दिवङ्गत आमा र साँहिली मुखिनीको चर्चा गरिएको छ । यी तिनै जना नारी पात्र आ-आफ्नै घरमा किनारामा हुत्याइएका छन् । उनीहरू निर्णय निमार्णमा मात्र परनिर्भर छैनन् बरु त्यसभन्दा माथि भौतिक र यौनिक आवश्यकताको परिपूर्ति गर्ने कार्यमा पनि पुरुषमा नै निर्भर हुनु पर्ने अवस्था छ । लोग्नेले अर्काकै फाँटको धान ल्याउने कुरा मात्र गर्दा पनि लाहुरेकी स्वास्नीको अनुहार खान पाइने आसाले उज्यालो भएको छ । "कुनामा छोरो थापेर बसेकी लाहुरेकी स्वास्नी लोग्नेको कुरा सुनेर उकासेको टुकीझैँ भएकी थिई (पृ.१) ।" बाउ छोराका बिचमा धेरै लामो भनाभन भयो तर घरमै भएकी लाहुरेकी स्वास्नीको कुनै भूमिका छैन । लोग्ने लाहुर गएर बाँच्ला अनि ससुरो मागेर बाँच्ला । त्यस्तो अवस्था आए ऊ के गरेर बाँच्छे ? लाहुरेकी स्वास्नी आफैले भेटेको समाधान "भोक थाप्न हिँड्दा कतिले ओच्छ्याउने हुन् कुन्नि (पृ.२)?" नै हो । उसले त्यसै वा निराधार रूपमा अनायासै यस प्रकारको विचार व्यक्त गरेकी होइन । यस्तो सोच्नुको कारण र पृष्ठभूमि त्यो समाजले नारीलाई गर्ने व्यवहार र त्यस समाजको जीवनका विगतका साक्ष्यहरू नै हुन् । यस स्थानमा समाजको इतिहासलाई हेर्न सकिने एउटा छिद्र फेला पर्छ । यस छिद्रबाट समाजमा मात्र होइन घरमा पनि नारीको बिगतको अवस्थालाई कोट्याएर हेर्न सकिन्छ ।

लाहुरेकी स्वास्नीले लाहुरेलाई जीवनका असिना र पसिना दुवै देखाउँदा उसले देख्छ तर त्यसपछि ऊ फेरि सोध्छे "मलाई देख्दैनौ (पृ.४)?" लोग्ने बूढाको चस्माले हेर्न खोज्छ । बूढाको चस्माले बाहिरबाट ढाकिएको

र भित्र भित्रै नाङ्गिएको समाज देखिने सङ्केत गर्दै ऊ भन्छे "बूढाको चेश्माले त दुईटा देखिन्छ (पृ.४) ।" लोग्ने जवाफ दिन्छ "तँ त्यै चेश्मा लगाएर बसे हुँदैन (पृ.४) ?" यहाँ लैङ्गिक दृष्टिले केन्द्रमा रहेको लोग्ने आफ्नै स्वास्नीलाई यौन बेचेर बाँच्न भन्छ तर स्वास्नी रुन थाल्छे । यहाँ पनि केन्द्र (पुरुष) ले किनारा (नारी) लाई रुन मात्र सक्ने बनाएको स्पष्ट हुन्छ ।

बाउसँगको विवादमा लाहुरे छोरो आफ्नी दिवङ्गत आमाप्रति पनि शंका गर्दै भन्छ "हेर बूढा, जन्माको तैँले नै होला किन ? यो पनि तँलाई नै थाहा होला । आमा भए जवाफ दिन्थिन् (पृ.३) ।" बिबाद बड्दै जान्छ अनि बाउले ईश्वरले जन्माएको भनेपछि आमाप्रतिको शंकालाई थप पुष्टि गर्दै भन्छ "अँ, यिनै गाउँघरका इस्सोरले हैन (पृ.३) ?" यसरी यस कथामा नारीको अवस्था सन्तान जन्माएर मरिसक्ता पनि छोराबाटै शंकाको घेरामा बाँधिनु पर्ने स्थितिमा छ । छोराको यो भनाइ उसको निजी अनुभूति मात्र होइन । पुरुष प्रधान समाजले सदियौँसम्म लगाएर निकालेको नारीप्रतिको दृष्टिकोणको निष्कर्ष पनि हो । बिबादकै क्रममा आवेशमा आएर लाहुरे छोरो भन्छ "इस् के को लाज ... मैले पनि जन्माएको छु एउटा भलाद्मी ! छिमेककै साइली मुखिनीको कोखबाट (पृ.३) ।" कथाकारले यस भनाइको टिप्पणी गर्दै भनेका छन् "छोरो थापेर बसेकी तरुनी यो सुनेर निधारमा गाँठो पार्छे (पृ.३) ।" यहाँ लाहुरे छोराका अनुसार साँहिली मुखिनीले यौनको प्यासका तृप्तिका लागि घरबाहिर पुग्नु परेको छ भने तरुनी आफ्नै लोग्नेको मुखबाट अन्य नारीसँग सहबास गरी सन्तान उत्पादन गरेको सुन्दा पनि निधार खुम्च्याउन  बाध्य छे तर बोल्न सक्दिन । यसरी तरुनीले अरुको ओच्छ्यान बन्नु पर्ने, बोल्न आँट नगर्ने, रोएर बाँच्नु पर्ने, आमाले मृत्युपछि पनि शंकाको शिकार बन्नु पर्ने अनि साँहिली मुखिनीले शारीरिक भोक मेट्नका लागि परपुरुष लाहुरेमा निर्भर रहनु पर्ने अवस्थाले समाजमा नारीको स्थान र हैसियतलाई देखाएको छ । आखिर किन सबै नारी पात्रहरू प्रताडित छन् ? सबाल्टर्न अध्ययनका दृष्टिमा पुरुषका प्रत्यक्ष लिङ्गीय आक्रमणका कारण पुरुष जातिले आफूलाई क्रियाशील, सामर्थ्यवान, विवेकी तथा ज्ञान, शीप, कला र शक्तिको ठेकेदार बनायो भने नारीलाई आफ्नो शक्तिले दमन गर्दै कमजोर, अबला तथा असक्षम बनायो । यसै कारणले परिवार जस्तो भए पनि त्यसभित्र नारीहरू सबाल्टर्न बनाइए । यस कथाभित्र भएका तिनै जना नारी पात्रहरू पनि त्यही कारणबाट सबाल्टर्न बनाइएका हुन् ।

यस कथाको धरातल जातीय सबाल्टर्नका पीडाबाट पनि त्यत्तिकै रङ्गिएको छ । यस कथामा मञ्चीय पात्रका रूपमा आएका पात्रहरू लाहुरे छोरो, गाउँले बाउ, लाहुरेकी स्वास्नी र सानो छोरो सबै निम्न जातका छन् । लाहुरे छोराले "हामीले बनाएका डाङ्ग्रे जुत्ता कसले लगाउँछ अब (पृ.३)"? भनी राखेको शङ्काबाट उनीहरू नेपाली समाजमा परम्परागत पेशाकै रूपमा डाङ्ग्रे जुत्ता सिलाउने सार्की जाति हुन् भन्ने स्पष्ट हुन्छ । अझ अगाडि कथाकार लेख्छन् "छोरो बुट बजाउने लाहुर होइन चिया पकाउने लाहुर पुगेको थियो । त्यहाँ उसले चिया पकाएर शङ्कराचार्यहरूलाई ख्वाएको कुरा बूढो ठ्याम्मै पत्याउँदैन किन भने बूढालाई गाउँ घरका शङ्कराचार्यका चेलाहरू पिंडीसम्म उक्लिन दिँदैनन् (पृ.३) ।" यसरी यस कथामा सबाल्टर्न पात्रका रूपमा रहेका सबै पात्रको अवस्था अपमानजनक स्थितिबाट गुज्रि रहेको छ । उनीहरूको प्रतिनिधित्व महत्वपूर्ण भए पनि पहिचान जुत्ता सिलाउने र उच्च जातका पिंडीसम्म पनि टेक्न नहुने अछुतका रूपमा गराइएको छ । हिन्दू समाजले निमार्ण गरेको जातिभेदको सदियौं लामो विकृतिजन्य विभेदलाई यस कथामा प्रस्तुत गरिएको छ । जातिगत विभेद पनि वर्गीय र लैङ्गिक जस्तै केन्द्रमा रहेको प्रभुत्वशाली वर्गले किनारामाथि गरेको अमानवीय कार्यको उपज नै हो । हिन्दू समाजको पहिला कामका आधारमा जातको विभाजन गर्ने र जातकै आधारमा ठूलो र सानो बनाउने

अनि त्यसैलाई हतियार बनाएर निम्न जातका भनिएकाहरूलाई सधैं आफू अनुकुल बनाइएका मूल्य, मान्यताका आधारमा दास बनाइ राख्ने घृणित परम्पराले एउटा वर्ग सधैं जातीय सबाल्टर्नको पीडामा छट्पटाइ रहेको छ। यस कथाका जातीय सबाल्टर्न पात्रहरूको अवस्थालाई पनि त्यही रूपमा पहिचान गर्न सकिन्छ।

## सबाल्टर्न वर्गको स्थान, प्रभुत्व र प्रतिरोधको अवस्था

यस कथामा मञ्चित रूपमा आएका गाउँले बाउ, लाहुरे छोरो, लाहुरेकी स्वास्नी, लाहुरेको सानो छोरो र नेपथ्यमा रहेका लाहुरेकी आमा तथा साँहिली मुखिनी सबै पात्रहरू कुनै न कुनै रूपमा सबाल्टर्न वर्गका प्रतिनिधि भएर आएका छन्। वर्गीय दृष्टिले गाउँले बाउ, लाहुरे छोरो, लाहुरेकी स्वास्नी र लाहुरेको सानो छोरो सबाल्टर्न वर्गमा परेका छन्। उनीहरू आर्थिक रूपमा ज्यादै विपन्न अवस्थामा छन्। यही आर्थिक विपन्नताकै कारण गाउँमा जुत्ता सिलाएर होस् वा लाहुरमा भाँडा माझेर जे गरेर होस् उनीहरूको अवस्था पेटको भोक पूर्ण रूपले मेट्न सक्ने बिन्दुमा पुगेको छैन। गाउँमा जुत्ता बनाउनै पर्ने र लाहुरमा चिया पकाउनै पर्ने उनीहरूको कमजोर आर्थिक अवस्थाको परिणति हो। त्यस कारण गाउँ र लाहुर दुवैतिरको वातावरणले उनीहरूका लागि अपमानजनक स्थान निर्धारण गरिदिएको छ। जातीय दृष्टिले पनि यी सबै पात्र सबाल्टर्न वर्गमै परेका छन्। जातकै कारण यी पात्रहरूले डाङ्ग्रे जुत्ता बनाउने र कथित उच्च जातको पिंडीभन्दा तलै बस्नु पर्ने स्थान पाएका छन्। यसरी समाजले यिनीहरूका लागि मान्छेको आधारभूत स्थानभन्दा तलको स्थान तय गरेको छ। लैङ्गिक दृष्टिले लाहुरेकी स्वास्नी, लाहुरेकी आमा र साँहिली मुखिनी सबाल्टर्न वर्गका पात्र हुन्। उनीहरू सबै आआफ्नै घरभित्रै पुरुषहरूका कारण सबाल्टर्न बन्न विवश छन्। आफ्नै घरमा पनि सम्मानित स्थान पाउनबाट बञ्चित यी पात्रहरूले बाहिर सम्मानित स्थान पाउन सक्ने कुराको कल्पनासम्म पनि गर्न सकिन्न। यस कथामा वर्गीय, जातीय र लैङ्गिक वर्गका सबाल्टर्न मात्र छैनन् बरु तेस्रो विश्वका सबै देशहरू सबाल्टर्न बन्न पुगेकोतर्फ संकेत गर्दै गाउँले बूढो भन्छ "मलाई निकालेको! यो बुढेसकालमा म कता जाऊँ? (रुन्छ अनि दर्शकतिर तेस्रो विश्वलाई औँल्याउँदै) देख्नुभो? ल हेर्नुस् (पृ.४)।" त्यसै गरी अझ त्यही सन्दर्भलाई पुष्टि गर्दै नेपथ्यको गीतमा अझ घन्किन्छ "... विश्व शान्ति नार्यो अणुबममा पार्यो (पृ.५)।" यसरी तेस्रो विश्वका देशहरूले भाग्ने ठाउँ पनि नपाएको र शान्तिका नाममा बम र गोलाको बिचमा बाँच्न विवश हुनु परेको सन्दर्भले तेस्रो विश्वका देशहरू पनि शक्तिसम्पन्न देशहरूका कारण सबाल्टर्न बनाइएको अवस्था कथामा वर्णित छ।

यस कथाका सबाल्टर्नहरू केन्द्रमा आसिनहरूको प्रभुत्वको शिकार बनाइएका छन्। वर्गीय र जातीय दृष्टिमा केन्द्र र किनारा एउटै छ। यस कथामा नेपथ्यमा रहेका सम्पन्न उच्च वर्गको संस्कृति नै प्रभुत्वशाली संस्कृतिका रूपमा रहेको छ। जातीय रूपमा किनरीकृत हुन पुगेका गाउँले बाउ, लाहुरे छोरो, लाहुरेकी स्वास्नी, लाहुरेको छोरो र लाहुरेकी आमा सबै वर्गीय रूपमा पनि सबाल्टर्न बनाइएका छन् अथवा जो अछुत छ ऊ नै भोको, नाङ्गो, हेपिएको र समाज तथा परम्परा र सामाजिक मूल्यबाट तिरष्कृत गरिएको छ। लैङ्गिक रूपमा पनि पुरुषको प्रभुत्वम नारीहरू दुखपूर्ण जीवन यापन गरिरहेका छन्। लैङ्गिक रूपमा लाहुरेकी स्वास्नी, साँहिली मुखिनी र लाहुरेकी आमा किनारीकृत छन् भने पत्यक्ष्यतः यी सबै पात्रका घरका पुरुषहरूको प्रभुत्व सत्तामा रहेको छ। नेपाली समाजले सदियौँदेखि समाजलाई उच्च जात र उच्च वर्गको प्रभुत्वमा राखेको छ भने घरलाई पुरुषको प्रभुत्वमा राखेको छ। त्यसैले गर्दा समाज वा देशमा निर्धन वा निम्न जातकाहरूले र घरमा महिलाहरूले सदियौँदेखि अविच्छिन्न रूपमा दुख भोग्दै आएको परम्पराको निरन्तर अंशकै रूपमा यस कथाको सबाल्टर्न वर्गले

दुख भोगेको छ। वर्गीय आधारमा तल्लोस्तरको काम र अभाव, जातीय आधारमा घृणा र लैङ्गिक आधारमा अबला परम्पराकै उपज हुन्। यसो हुनाका पछाडि परम्परागत ज्ञान र शक्तिको भूमिका रहेको छ। समाजमा उच्च वर्ग र उच्च जातले निर्माण गरेको ज्ञान अकाट्य सत्यको वाहक वा प्रभुत्वशाली रहेको छ। त्यस कारण किनारीकृतहरू शक्तिका अभावमा वा छुट्टै प्रकारका ज्ञानका अभावमा प्रभुत्वशालीकै ज्ञानलाई सहमतीय रूपमा स्वीकार्न विवश भएका छन्। यसरी यस कथामा मूलधारको प्रभुत्वसँग किनारा लगभग विलय भएको अवस्थामा रहेको छ।

सबाल्टर्न वर्गको प्रतिरोध चेतनाका दृष्टिबाट यो कथा धेरै उत्साहजनक अवस्थामा छैन। लाहुरे छोरो बाहेकका कुनै पनि सबाल्टर्न पात्रमा प्रत्यक्ष रूपले देखिने गरी प्रतिरोध चेतना जागृत भएको छैन। मञ्चीय रूपमा आएकी लाहुरेकी स्वास्नी भित्रैदेखि पुरुषमा पूर्ण रूपल समर्पित भएकी छे। ऊ आफ्नो अवस्थालाई देखिदिन पनि लोग्नेलाई आग्रह गर्छे। लोग्नेले अस्वीकार गर्दा आफै पनि बाँच्न सक्ने अवस्था उसँग नभएकै कारण रुँदै बस्नु परेको छ। अझ लोग्नेले छोडेर लाहुर गयो भने कतिको ओच्छ्यान बन्नु पर्ने हो भन्ने बिकराल भविष्यबाट त्रसित छे। उसमा आफ्नो अस्मिता जोगाउने आँटसम्म पनि छैन बरु आफूलाई अनेकसँग बाँड्नै पर्ने खालको ज्ञानको विकास हुँदैछ। गाउँले बाउ अभिजात वर्गले आफ्ना अनुकुल निर्माण गरेको ज्ञान र शक्तिलाई निरन्तरता दिनु पर्छ भन्ने पक्षमा छ। ऊ भन्छ "पापी कुरा नगर। यो फाँटमा कमाएर खानु छ भने जसको हो उसैको हुन दे (पृ.१)।" यस भनाइबाट ऊ गाउँमा बस्नका लागि जुन प्रकारको परम्परा छ त्यसैको निरन्तरता हुनु पर्छ भन्ने पक्षमा रहेको स्पष्ट हुन्छ। ऊ छोराले लाहुरमा शङ्कराचार्यहरूलाई चिया पकाएर ख्वाएको भन्ने कुरालाई पनि मान्न तयार छैन अनि गाउँका उच्च वर्गले पिंडीसम्म टेक्न नदिँदा पनि बिचलित बन्दैन बरु उल्टै उच्च वर्ग र उच्च जातलाई इज्जतदार देख्न पुग्छ। यसरी यस कथामा विशेष भूमिका रहेका तिन जना पात्रमध्ये दुई जनामा प्रतिरोध चेतनाको बीजसम्म पनि देखिँदैन। उनीहरूले सहमति वा सम्झौताबाटै प्रभुत्वशाली वर्गको संस्कृतिलाई अत्मसात गरेकै कारण आफ्नो चेतना त्यसैमा बिलय भएको देखिन्छ। नारीको शरीरमाथिको पुरुष एकाधिकारको अन्त्य गरी आफू खुसी आफ्नो शरीर उपयोग गर्ने कार्यमा साँहिली मुखिनीको भूमिका महत्वपूर्ण भए पनि त्यो प्रामाणिक अवस्थामा छैन। लाहुरे छोराले आवेसमा आएर भनेको कुरा "मैले पनि जन्माएको छु एउटा भलाद्मी ! छिमेककै साइँली मुखिनीको कोखबाट (पृ.३)।" लाई साँहिली मुखिनी प्रतिरोध चेतनाका दृष्टिले उच्च मान्न सकिँदैन। यस कथामा लाहुरे छोरामा भने प्रतिरोध चेतनाको विकास भएको छ। उत्पादनका साधनमाथिको उत्पादक वर्गको अधिकार खोसिएको विरोधमा उसले सम्पूर्ण फाँटलाई आफ्नै ठानेर फाँटमा झुलेको धान काट्न खोजेको छ। उच्च वर्गको देखावटी इज्जतदार चरित्रको धज्जी उडाएको छ अनि गाउँका कथित उच्च जातकाहरूले गरेको अछुतको व्यवहारको विरोध गर्दै लाहुरका शङ्कराचार्यहरूले आफूले पकाएको चिया पनि खाएको बताएको छ। घरमै पनि उसले आफ्नो बाबुको परम्परागत प्रभुत्वको विरोध गरेको छ। उसले परम्परामा निर्मित ज्ञान र शक्तिलाई चुनौति दिएको छ र ज्ञानको नयाँ शृङ्खला निर्माण गर्न खोजेको छ तर उसको बिचार सङ्गठित स्वरूपको छैन। त्यस कारण ऊ केन्द्र विरोधी खेमाबाट उठेको भए पनि पलायनकै मार्गतर्फ प्रवृत्त भएको छ।

## निष्कर्ष

कथाकार मनु ब्राजाकी आधुनिक नेपाली कथाको समसामयिक धारामा उदाएर हालसम्म पनि कथा सिर्जनामा सक्रिय रहेका सर्जक हुन्। उनका कथाहरूमा समाजले यथोचित सम्मान दिन नसकेका र किनारामा पारेका पात्रहरूको जीवनका जटिलताहरूको मार्मिक प्रस्तुति पाइन्छ। यस लेखमा **माऱ्यो च्याङ्बा माऱ्यो असिनामा पाऱ्यो**

कथालाई सबाल्टर्न सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ। त्यसका लागि सबाल्टर्न वर्गको वर्गीय, लैङ्गिक र जातीय अवस्था अनि स्थान, प्रभुत्व र प्रतिरोधको अवस्थाका कोणहरूलाई विश्लेषणको प्रमुख आधार बनाइएको छ। यस कथामा वर्गीय दृष्टिले निम्न वर्गलाई सबाल्टर्न पात्रका रूपमा प्रस्तुत गरिएको छ । गाँस, वास र कपासका अभावमा जीवन धान्न अत्यन्त बिकराल समस्यामा परिरहेका गाउँले बाउ, लाहुरे छोरो र लाहुरेकी स्वास्नी वर्गीय दृष्टिले सबाल्टर्न पात्र हुन् । त्यसै गरी लाहुरेकी स्वास्नी, आमा र साँहिली मुखिनी लैङ्गिक रूपले सबाल्टर्न बनाइएका पात्र हुन् । लाहुरेकी स्वास्नीमा परम्पराकै कारण आत्मनिर्भर हुने चेतना र शक्ति दुबैको जन्मसम्म पनि भएको छैन भने आमा मृत्युपछि पनि शङ्काको घेराबाट मुक्त हुन सकेकी छैन अनि साँहिली मुखिनी आफ्नो शारीरिक आवश्यकताको पूर्तिका लागि लाहुरेमा निर्भर हुनु परेको अवस्था छ। जातीय दृष्टिले यस कथामा गाउँले बाउ, लाहुरे छोरो र लाहुरेकी स्वास्नीले सबाल्टर्न वर्गको प्रतिनिधित्व गरेका छन् । यस कथाका सबै पात्रहरूको सामाजिक स्थान अत्यन्त तल रहेको छ। गाँउका मानिसले उनीहरूले छोएको पानी पनि नखाने र पिँढीसम्म पनि टेक्न नदिने अवस्था रहेको छ । यसो हुँदा हुँदै पनि उनीहरूको यौन भने अरुहरूका लागि पनि चल्ने अवस्थामा छ। लाहुरे छोराले गाउँकै साँहिली मुखिनीबाट सन्तान जन्माएको र लाहुरेकी स्वास्नीले भोक थाप्न हिँड्दा कतिले ओच्छ्याउने हुन् भन्ने शंका गरेको सन्दर्भबाट यौनका विषयमा भने छुवाछुत कम रहेको जानकारी पाइन्छ। यस कथाको समाजमा वर्गीय दृष्टिले उच्च वर्गको , जातीय दृष्टिले उच्च जातको र लैङ्गिक दृष्टिले पुरुषको प्रभुत्व रहेको छ भने प्रतिरोध चेतनाका दृष्टिबाट यो कथाको धरातल खासै उर्वर छैन। लाहुरे छोरोबाहेक सबै पात्रहरू ज्ञानका अभावमा उच्च वर्गको सांस्कृतिक प्रभुत्वलाई सहमतीय आधारमा नै स्वीकार गर्ने पक्षमा रहेका छन् । यस कथामा सबाल्टर्न वर्गको वर्गीय, लैङ्गिक र जातीय पहिचान अनि स्थान, प्रभुत्व र प्रतिरोधको अवस्था स्पष्ट रूपमा प्रस्तुत भएको हुनाले यो सबाल्टर्नप्रिय कथा हो भनी प्रमाणित गर्न सकिन्छ।

## सन्दर्भ विवरण

चापागाईं, निनु. २०६९. 'सबाल्टर्न अध्ययन : एक परिचय'. वेदना. (वर्ष. ३९. अङ्क. २) पृ. २०-५०
ब्राजाकी, मनु, **तिम्री स्वास्नी र म,** २०५३, काठमाडौँः साझा प्रकाशन,
भट्टराई, गोविन्दराज. २०६९. **समयबोध र उत्तरआधुनिकता**. काठमाडौं. ओरिएन्टल पब्लिकेसन
श्रेष्ठ, तारालाल, **शक्ति, श्रष्टा र सबाल्टर्न**, २०६८, काठमाडौँ : डिस्कोर्स पब्लिकेसन,
सुब्बा, मनप्रसाद र रेमिका थापा. सन २००८. **किनाराका आवाजहरू**. दार्जीलिङ. श्याम ब्रदर्स प्रकाशन
सुब्बा, मन प्रसाद र रेमिका थापा, सन २०११ **किनारा विमर्श,** दार्जिलिङ : गामा प्रकाशन,